# २४ औं नगरपरिषद् निर्णयहरु

निर्णय नं. १,

नेपालको लोकतान्त्रीक गणतन्त्र निर्माण सम्म आइपुग्दा आफ्नो जिवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुको उच्च मुल्याकँन गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्ने निर्णय गरियो ।

निर्णय नं. २,

यस ललितपुर उप महानगरपालिकाको गत आर्थिक वर्ष २०७२/०७३ साल तमामी कार्य सफलता पुर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु, विभिन्न सरकारी कार्यालयहरु, विभिन्न संघ संस्था र समितिहरु, कार्यालयका सम्पुर्ण कर्मचारीहरु लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पुर्णलाई धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं. ३,

यस ललितपुर उप महानगरपालिकालाई आवश्यक पर्ने विभिन्न कार्यविधी तथा कार्य योजनाहरु मध्ये उप महानगरपालिकावटा तयार भएको देहायका कार्यविधि तथा कार्य योजनाहरु पारीत गर्ने निर्णय गरियो ।

क) पर्यटन प्रवेश सेवा शुल्क व्यवस्थापन कार्यविध २०७३

**एकद्धार पर्यटन प्रवेश सेवा शुल्क व्यवस्थापन कार्यविधि २०७३**

ललितपुर उप-महानगरपालिकामा प्रवेश गर्ने पर्यटकहरुबाट नगर प्रवेश शुल्क लिईदै आएको ललितपुर उप-महानगरपालिका र पाटन संग्रहालय विकास समिति बीच भएको सम्झौता बमोजिम नगर क्षेत्रमा प्रवेश गर्न पर्यटकहरुबाट लिईने पर्यटन शुल्क एकद्धार प्रणालीमा संकलन गर्ने पर्यटन प्रवर्द्धन गर्ने साथै सो क्षेत्र मर्मत संभार र व्यवस्थापन गर्न एकद्धार प्रणालीबाट पर्यटक प्रवेश शुल्क , व्यवस्थापन पर्यटन प्रवर्द्धन र सो क्षेत्रको मर्मत संभार गर्न बनेको कार्यविधि २०७३ तर्जुमा गरी स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ को अधिकार प्रयोग गरी नगर परिषद्बाट जारी गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "ललितपुर उप-महानगरपालिका र पाटन संग्रहालयमा एकद्धार प्रणालीमा पर्यटक प्रवेश शुल्क व्यवस्थापन, पर्यटन प्रवर्द्धन र सो क्षेत्रको मर्मत सम्भार गर्ने कार्य विधि २०७३" हुनेछ ।

(ख) यस कार्यविधि मिति २०७३/६/१ देखि लागु हुनेछ ।

(ग) यस समितिको छुट्टै छाप, लेटर प्याड, हुनेछ ।

२. **परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) प्रवेश शुल्क - नगर क्षेत्र र पाटन संग्रहालय भित्र भ्रमण गर्न लाग्ने तोकिएको शुल्क ।

(ख) पर्यटन प्रवर्द्धन - नगर भित्रमा पर्यटक क्षेत्रहरुको प्रवर्द्धन र संग्रहालयको प्रवर्द्धन संभारलाई जनाउछ ।

(ग) मर्मत संभार - पर्यटकलाई आवश्यक पर्ने पूर्वाधार सम्पदा मर्मत सम्भारलाई जनाउँछ ।

(घ) व्यवस्थापन तथा कार्यान्वियन समिति - कार्यविधिको दफा ६ (ख) अनुसार गठित समिति ।

(ङ) संग्रहालय - पाटन संग्रहालय, ललितपुर ।

(च) कार्यविधि भन्नाले ललितपुर उप-महानगरपालिका र पाटन संग्रालय विकास समितिबाट एकद्धार प्रणालीमा पर्यटक प्रवेश सेवा शुल्क व्यवस्थापन, पर्यटन प्रवर्द्धन र सो क्षेत्रको मर्मत सम्भार गर्न बनेको पर्यटन प्रवेश सेवा शुल्क व्यवस्थापन कार्यविधि २०७३ लाई जनाउँछ ।

३. **पर्यटन प्रवेश शुल्कः**

(क) पर्यटन प्रवेश शुल्क देहाय बमोजिम हुने छ ।

(अ) सार्क बाहेक प्रति पर्यटक रु. १०००/-

(आ) सार्क राष्ट्र प्रति पर्यटक रु.२५०/-

(इ) पाटन संग्रालयमा प्रवेश गर्ने आन्तरिक पर्यटक रू ३०/- (परिचय पत्रको छुट ५०%)

(ख) उपदफा ३ (क) अनुसार प्रवेश टिकट खरिद गर्ने पर्यटकहरु ललितपुर नगर क्षेत्र र पाटन संग्रहालय, सुन्दरीचोक, मुलचोक, भण्डारखाल केशवनारायण चोक र सबै ग्यालरीहरुमा प्रवेश पाउने छन् । सार्वजनिक विदाको दिनमा पनि खुल्ला रहनेछ ।

(ग) उपदफा ३ (ख) का स्थानहरु विहान ७ :०० बजे देखि साँझ ७ : ०० बजेसम्म खुल्ला गरिनेछ ।

(घ) उक्त क्षेत्र बाहेक न.पा.ले पर्यटक क्षेत्र भनि तोकेको अन्य क्षेत्रहरुमा समेत भ्रमण गर्न पाउने छ ।

४. **पर्यटक प्रवेश शुल्कको बाँडफाड :-**

(क) शुल्क बाँडफाँड देहाय बमोजिम हुने छ ।

(अ) ललितपुर उप-महानगरपालिकालाई दफा ३ को उपदफा (क) अनुसार संकलन गरेको प्रवेश शुल्क ७५ प्रतिशत ।

(आ) पाटन संग्रहालयलाई दफा ३ को उपदफा (क) अनुसार संकलन गरेको प्रवेश शुल्क १५ प्रतिशत ।

(इ) पाटन दरबार, पाटन दरबार क्षेत्र मर्मत संभार र पर्यटन प्रवर्द्धनका लागि दफा ३ को उपदफा (क) अनुसार संकलन गरेको प्रवेश शुल्क ५ प्रतिशत

(ई) प्रशासनिक खर्चका लागि दफा ३ को उपदफा (क) अनुसार संकलन गरेको प्रवेश शुल्क ५ प्रतिशत ।

(ख) उपदफा (क) को रकम सोही दिन वा सो को भोलिपल्ट छुट्टै खातामा जम्मा गरिनेछ ।

(ग) उपदफा (क) को रकम प्रत्येक महिना छुट्टा छुट्टै बैंक खातामा जम्मा गरिने छ ।

(घ) उपदफा (ग) अनुसार संचालन हुने बैंक खाता दफा ६ को उपदफा (ख) अनुसार गठित कार्यान्वयन समितिबाट संचालन हुने छ ।

(ङ) उपदफा (क) को (इ) बाट संकलन भएको रकम सोही शिर्षकको वार्षिक स्वीकृत योजनानुसार खर्च गर्नु पर्ने छ ।

(च) उपदफा (क) को (ई) बाट संकलन भएको रकमबाट प्रशासनिक खर्च नपुग भएमा ललितपुर उप-महानगरपालिकाबाट बेहोरिने छ ।

(५) **काउण्टर व्यवस्थापन**

ललितपुर उपमहानगरपालिका र पाटन संग्रहालयमा एकद्धार प्रणालीमा प्रवेश शुल्क संकलन गर्न लागि पाटन दरबार क्षेत्रमा २ वटा , पुल्चोकमा १ वटा र पाटन ढोकामा १ वटा गरी हाल जम्मा चारवटा टिकट काउण्टर रहने छ । पछि आवश्यकता अनुसार थप गर्न सकिनेछ । काउण्टरहरुको भौतिक पूर्वाधार न.पा.ले गर्नेछ ।

(६) **व्यवस्थापन तथा कार्यान्वयन समिति :-**

(क) प्रवेश शुल्क व्यवस्थापन, पर्यटन प्रवर्द्धन र उक्त क्षेत्रको मर्मत संभार गर्नका लागि एक कार्यान्वयन समिति गठन गरिने छ ।

(ख) उपदफा (क) बमोजिम गठित समितिमा देहायका सदस्यहरु रहने छन् ।

(अ) नगर प्रमुख - संयोजक

(आ) कार्यकारी निर्देशक सदस्य (पाटन संग्रहालय)

(इ) कार्यकारी अधिकृत - सदस्य

(इ) संग्रहालय विकास समितिले तोकेको प्रतिनिधि - सदस्य

(उ) राजश्व प्रशासन महाशखा, ल.पु.उ.म.न.पा - सदस्य सचिव

(ऊ) नगरपालिकामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुबाट - आमन्त्रित सदस्य
(नगरप्रमुख प्रत्यक्ष निर्वाचित नभए सम्मका लागि)

(ग) ललितपुर उप-महानगरपालिकामा बोर्ड र पाटन संग्रहालय विकास समितिको संयुक्त निर्णयानुसार कार्यान्वयन समितिमा हेरफेर गर्न सकिने छ ।

(घ) कार्यान्वयन समितिले आवश्यक देखेको विशेषज्ञ आमन्त्रण गर्न सकिने छ ।

(ङ) बैठक कम्तिमा महिनाको एक पटक बस्नु पर्नेछ, बैठकको बहुमतको लागि ७० प्रतिशत हुनु पर्दछ ।

(७) **कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :-**

(क) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(अ) ललितपुरको पर्यटन विकासको लागि योजना तयार गर्ने, त्यसका लागि आवश्यक पर्ने आर्थिक श्रोतको व्यवस्थापन गर्ने, तोकिएको स्थानबाट प्रवेश शुल्क संकलन गर्ने गराउने

(आ) पाटन संग्रहालयमा संकलन गरिएको ऐतिहासिक सम्पदाहरुको संरक्षण र प्रर्वद्धन गर्ने, शैक्षिक, साँस्कृतिक तथा पर्यटकीय दृष्टिले गुणस्तरयुक्त तुल्याई अन्तराष्ट्रिय स्तरको संग्रहालयको रुपमा विकसित गरी व्यवस्थापन गर्ने ।

(इ) प्रवेश शुल्क संकलनका लागि आवश्यक कर्मचारीहरुको सेवा शर्त, निर्धारण गर्न दरबन्दी स्वीकृत गर्ने र कर्मचारीहरु नियुक्ति गर्ने ।

(ई) पाटन दरबार क्षेत्रका मूर्त र अमूर्त सम्पदाहरुको प्रवर्द्धन गर्ने ।

(उ) पाटन संग्रहालय र पाटन दरबार क्षेत्रको नियमित अनुगमन गरेर आवश्यकता अनुसार तत्काल मर्मत संभार गर्ने गराउने ।

(ऊ) आवश्यकता अनुसार सरोकारवालाहरु संग अन्तरक्रिया गर्न सकिनेछ ।

(ऋ) प्रवेश शुल्क संकलन केन्द्र तथा पर्यटकीय क्षेत्रहरुमा नियमित अनुगमन गर्ने ।

(८) **कर्मचारी सम्बन्धी व्यवस्था :-**

(क) कर्मचारीको सेवा सम्बन्धमा

(अ) विभिन्न काउण्टरहरुको लागि हाललाई बढीमा २ जना पाचौ तहको १० जनासम्म सहायक स्तर चौथो सरहको कर्मचारीहरुको करार सेवाबाट व्यवस्था गरिने छ ।

(आ) सुरक्षा गार्ड आवश्यकता अनुसार बढीमा ८ जना काम र औचित्यका आधारमा 'क' वर्गको सेक्यूरिटी कम्पनीबाट सेवा करारमा लिने व्यवस्था मिलाउनु पर्ने ।

(इ) प्रत्येक वर्ष करार नविकरण गरिनेछ ।

(ख) तलव सुविधा

(अ) कार्यान्वयन समितिबाट निर्धारण गरे बमोजिम

(आ) पाँचौ तहको मासिक रु. २००००/-

(इ) चौथो तहको मासिक रु. १८,०००/- का दरले काउण्टरमा रहने कर्मचारी (पोशाक बापत बार्षिक रु. ७५००) (पोशाक ढाँचा समितिले तोके बमोजिम)

(ई) चाड पर्व खर्च १ महिना बराबरको उपलब्ध गराउने छ ।

(ग) विदा सम्बन्धी व्यवस्था -

(अ) शनिवारको आलोपालो गरी सट्टा विदा पाउनेछ ।

(आ) शनिवार बाहेक सार्वजनिक विदामा काम गरेवापत तलब बराबर सुबिधा पाउनेछ

(९) **पदपूर्ति सम्बन्धी व्यवस्था**

काउण्टरमा रहने कर्मचारीहरुको छनौट नेपाल सरकारको प्रचलित कानून बमोजिम खुल्ला प्रतिस्पर्धाको माध्ययमबाट सेवा करारमा लिन सकिने छ । सम्भवत कर्मचारीको योग्यता देहाय बमोजिम हुन सक्ने छ । व्यवस्थापन कमिटिले पदपूर्ति समितिको सिफारिशमा पदपुर्ति हुन सक्ने छ ।

(क) योग्यता :-

(अ) पाँचौ तहको लागि कम्तिमा स्नातक तह उतिर्ण गरेको ।

(आ) चौथो तहको लागि कम्तिमा प्रमाण पत्र तह उतिर्ण गरेको नेपाली/अंग्रेजी राम्रोसँग लेख्न र बोल्न जान्ने नेपाली नागरिक

(इ) कम्प्युटर तालिम अनिवार्य हुनपर्नेछ

(ई) उमेर २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेका

(उ) समानुपातिक रुपमा महिला र पुरुष छनौट गरिने छ ।

(ऊ) स्थानीयलाई प्राथमिकता दिईनेछ ।

(ख) पदपूर्ति समितिको व्यवस्था

(अ) अध्यक्ष - पर्यटन तथा संस्कृति मन्त्रायलले तोकेको कम्तिमा रा.प. द्वितीय श्रेणीको अधिकृत

(आ) सदस्यसचिव - कार्यकारी अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी

(इ) सदस्य - विकास समितिले तोकेको अधिकृत स्तरको कर्मचारी

(ई) पदपूर्ति समितिले कर्मचारी छनौट कार्यविधि आफै बनाउन सक्नेछ ।

(ग) सुरक्षा गार्ड संझौताको आधारमा (सुरक्षा गार्डको योग्यता अंग्रेजी बोल्न जान्ने) - गार्डको सेवा शर्त संझौता बमोजिम तय गरिने छ ।

(घ) कर्मचारीहरुको आचरण नेपाल सरकारको राष्ट्रसेवक कर्मचारीहरुलाई तोकिए बमोजिमको आचरणको व्यवस्था लागू हुनेछ ।

(१०) **कोषको व्यवस्था**

(क) कोषको व्यवस्थापनः-

(अ) दैनिक उठेका रकमहरुको दोहोरो लेखा प्रणाली द्वारा कागजी र कम्प्युटरबाट दैनिक लेखा राख्नुपर्नेछ ।

(आ) दैनिक विनियोजन गरिएका रकमहरुको जानकारी साप्ताहिक रुपमा दुवै कार्यालय प्रमुखलाई जानकारी गराउनु पर्नेछ र मासिक रुपमा सार्वजनिकरण गर्नु पर्नेछ

(ख) कोषको संचालन

(अ) कोषको संचालन न.पा. कार्यकारी अधिकृत र पाटन संग्रहालयका कार्यालय प्रमुखको संयुक्त दस्तखतमा बैंक खाताबाट संचालन गरिनेछ । खाता व्यवस्थापन न.पा.बाट गरिनेछ ।

(आ) गोश्वरा भौचरमा दुवै तर्फको कार्यालय प्रमुखको दस्तखतबाट सदर गर्नु पर्ने छ

(इ) लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(११) **अनुगमन समिति -**

(क) अनुगमन समिति देहाय बमोजिमका पदाधिकारीहरु रहने छन् ।

(अ) ल.पु.उ.म.न.पा. बाट १ जना प्रतिनिधि

(आ) पाटन संग्रहालय विकास समितिको सदस्यहरुबाट १ जना प्रतिनिधि

(इ) पाटन संग्रहालयबाट १ जना प्रतिनिधि

(ई) राजश्व प्रशासान महाशाखाबाट १ जना प्रतिनिधि

(उ) राजनैतिक दलका १ जना प्रतिनिधि (तीन तीन महिनामा आलोपालो)

(ख) अनुगमन समितिको काम कर्तव्य र अधिकार

(अ) अनुगमन समितिका सदस्यहरुले कुनैपनि समयमा अनुगमन गर्न सकिनेछ ।

(आ) अनुगनम गर्दा कर्मचारी अनुशासित (बसाई पोशाक पर्यटक संगको व्यवहार र अन्य) नरहेमा सचेत गराउन सकिनेछ ।

(इ) अनुगमनमा कर्मचारीहरुबाट आर्थिक अपचलन गरेको पाइएमा वर्खास्तको लागि कार्यविधिको दफा ६ उपदफा (ख) बमोजिम बनेको कार्यान्वयन समितिमा सिफारिश गर्न सकिनेछ ।

१२) **पुरस्कार र दण्ड सम्बन्धी व्यवस्था**

(क) वार्षिक रुपमा सबै भन्दा बढी पर्यटन भित्र्याउने ट्राभल एजेन्सी, पर्यटक र व्यवसायीलाई समितिको निर्णय अनुसार पुरस्कृत एवं सम्मान गर्न सकिनेछ ।

(ख) पर्यटक काउण्टरमा कार्य गर्ने उत्कृष्ट कर्मचारी/सुरक्षा गार्डलाई पुरस्कृत गर्न सकिनेछ

(ग) कर्मचारीको आचरण अनुसार सजाय, दण्ड र पुरस्कार दिइनेछ ।

(१३) **उल्लेखित समितिहरुलाई प्रदान गरिने भत्ता रकम नेपाल सरकारले तोकिए बमोजिम हुनेछ ।**

(१४) **यो कार्य विधि लागु गरे पश्चात तत्कालको लागि बढीमा ३ महिना सम्म हालको व्यवस्था बमोजिम दुवै पक्षबाट कर्मचारी लगायत अन्य व्यवस्था मिलाउन सकिनेछ ।**

(१५) **विविध**

ख) ललिपुर उप-महानगरपालिका भित्र रही निकृष्ट तथा जोखिमपूर्ण श्रममा लागेका बालबालिकाको उद्दार, अल्पकालीन व्यवस्थापन तथा पुनर्स्थापना कार्य सञ्चालन कार्य विधि २०७३ ।

ग) अक्सफाम र एन्फो को सहयोगमा तयार पारिएका ललितपुर उप महानगरपालिकाको विपद जोखिम न्यूनिकरण सम्वन्धि आवधिक योजना २०७३ ।

घ) जाइका नेपालको सहयोगमा तयार भएको पुर्नउत्थान तथा पुननिर्माण योजना २०७३ ।

ङ) सार्वजनिक जग्गा संरक्षण कार्य योजना २०७३ ।

निर्णय नं. ४

यस ललितपुर उप महानगरपालिकामा हाल कार्यरत शाखा अधिकृतहरु क्रमशः श्री राजेन्द्र प्रसाद अधिकारी, श्री सविना महर्जन र श्री इश्वरी प्रसाद भण्डारीलाई स्थानीय स्वायत्त शासन नियमावली २०५६(चौथो संसोधन)

सहितको नियम २२५(ख)(१)को आधारमा ना.सु. पदवाट अधिकृत स्तर छैठौं (प्रशासन) पदमा वढुवा गरिएकोमा सो सेवा तथा समुहको वढुवा भएको दरवन्दिको पदमा वढुवा भएको मिति देखि लागु हुने गरि थप जिम्मेवारी सहित पदस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५,

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९मा व्यवस्था भए वमोजिम यस ललितपुर उप महानगरपालिकाको चालु आर्थिक वर्ष ०७३/०७४ देखि चालु आर्थिक वर्षको स्विकृत वार्षिक वजेट तथा कार्यक्रमहरु मध्ये पूजिगत लगानीको समष्टिगत रकमवाट १.५ प्रतिशतले हुन आउने रकम कन्टिजेन्सी वापत कट्टा गर्ने निर्णय गरियो साथै उक्त किन्टजेन्सी वापत कट्टा गरिको रकमको वार्षिक कार्ययोजना वनाई कार्यान्वयन गर्न उप महानगरपालिको वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६,

यस ललितपुर उप महानगरपालिका क्षेत्र भित्र उप महानगरपालिकाको वार्षिक वजेट तथा कार्यक्रमवाट सन्चालन गरीने सडक कालोपत्र गर्ने सम्वन्धि कार्यहरुको गुणस्तरीय र टिकाउ वनाउनको लागि सडक विभागको स्टयाण्र्डस नर्म्स र स्पेशिफिकेसन अनुसार मात्र गर्ने निर्णय गरियो ।

निर्णय नं. ७,

यस उप महानगरपालिका क्षेत्र भित्रवाट निष्कासन हुने फोहर मैलाहरु संकलन कार्य निजी क्षेत्रवाट पनि भई रहेको र निजी क्षेत्रवाट नगरवासीहरु संग फोहर मैला संकलन वापत शुल्क लिने गरेको तथा उप महानगरपालिकावाट पनि फोहरमैला संकलन शुल्क लिने गरेको हुँदा दोहोरो शुल्क असुलि भएको तथा फोहर मैला संकलन तथा अन्तिम विर्सजनमा उप महानगरपालिकाको लगानी समेत धेरै भएको हुँदा निजी क्षेत्रहरु संगको समन्वय तथा सहकार्यमा उक्त कार्यलाई प्रभावकारीको लागि फोहर मैला व्यवस्थापन सम्वन्धि कार्यविधि निर्माण गरी पारीत गर्न उप महानगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गर्दे उक्त कार्यविधि निर्माण गर्ने कार्यदलमा राजनैतिक पार्टिको तर्फवाट श्री श्रीगोपाल महर्जनलाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८,

यस ललितपुर उप महानगरपालिकाको मोजुदा संगठन तालीका र कर्मचारी दरवन्दिलाई पारीत गर्ने निर्णय गर्दे मौजुदा कर्मचारी संगठन तालीका र दरवन्दी परीमार्जन गर्न परामर्शदाता नियुक्त गरी परामर्शदातावाट तयार पारिएको संगठन तालीका, कर्मचारी दरवन्दी र कर्मचारी कार्यविवरण उप महानगरपालिकावाट विशेष नगर परिषद आव्हान गरी पारीत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९,

नेपाल सरकार सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको जनसहभागितामा आधारीत सौर्य सडक वत्ति कार्यक्रम सन्चालन कार्यविधि २०७२ पारित गरी कार्यविधि अनुसार योजनाहरु छनौट गरी उपभोक्ता समितिहरुमार्फत योजना सन्चालन गर्ने गरी योजना संझौता भएकोमा आपूर्तिकर्ताहरुवाट उप महानगरपालिकाले तयार पारी स्विकृत गरेको Standard Specification, BOQ अनुसारका सामाग्रीहरु संझौता वमोजिमको समयमा आपूर्ति गर्न नसकी नेपाल सरकाको अनुदान रकम फ्रिज भएकोले स्थानीय उपभोक्ता समितिहरु संग भएको संझौता रद्ध गर्ने उप महानगरपालिका वोर्ड वैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो साथै चालु आर्थिक वर्षमा मन्त्रालयको जनसहभागितामा आधारीत सौर्य सडक वत्ति कार्यक्रम सन्चालन कार्यविधि २०७२ वमोजिम ललितपुर जिल्लाको जिल्ला दररेट अनुसार ४० वाटको सौर्य सडक वत्तीको दररेट राखी लगत इष्टमेट तयार पारी माग भई आएका सडक बत्तीहरुको PFM फारम भरी मन्त्रालयमा स्विकृतिका लागि पठाउने, मन्त्रालयवाट स्विकृत भई आएमा सोहि अनुसार अगाडी वढाउने र नआएमा साविकको स्विकृत संख्यामा नवढने गरी उप महानगरपालिकाको आन्तरीक श्रोतवाट वजेट व्यवस्थापन गरी कार्यक्रम सन्चालन गर्ने र वैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रवाट सो कार्यको लागि वोलपत्र फारम तयार पर्ने सहितको प्राविधिक सहयोग लिई २०७३ साल भाद्र २५ गते भित्र वोलपत्र आव्हानको सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं. १०,

यस उप महानगरपालिकावाट प्रवाह हुदै आइरहेको एम्वुलेन्स र सव वहान सेवालाई चुस्त दुरुस्त र समयानुकुल वनाउदै जनमुखी सेवा प्रवाह गर्नको लागि सुविधा सम्पन्न एम्वुलेन्स थान एक र सव वहान थान एक को खरिद प्रक्रिया अगाडी वडाढने निर्णय गरियो ।

निर्णय नं. ११,

यस उप महानगरपालिकामा सन्चालनमा रहेका २० वर्ष भन्दा पुराना सवारी साधनहरु विग्री मर्मतमा धेरै खर्च गर्नु र्ने भएको हुँदा त्यस्ता २० वर्ष पुराना सवारी साधनहरुको आवश्यक प्रक्रिया पुरा गरी लिलाम प्रक्रियावाट विक्रि गर्ने निर्णय गरियो ।

निर्णय नं. १२,

यस उप महानगरपालिकावाट हुने सेवा प्रवाहहरु मध्ये सार्वजनिक स्थानको ढल खोल्ने, व्यक्तिगत/संघ संस्था कार्यालयहरुको शःशुल्क लिई  खोल्ने तथा सफा गर्ने गर्दे आइरहेकोमा कार्यालयमा मौजादमा रहेको जेट मेशिन पुरानो भएको हुँदा नयाँ सकसन सहितको जेट मेशिन खरिद प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. १३

महानगरीय प्रहरी प्रभाग मंगलवजार उप महानगरपालिकाको पुरानो भवनमा वसेकोमा उक्त भवन भूकम्पको कारणले गर्दा जिर्णअवस्थामा रहेको र उक्त भवन तत्काल भत्काउनु पर्ने भएको हुँदा उक्त भवनमा वसेको प्रहरी प्रभागको भवन निर्माण गर्नको लागि सहयोग उपलव्ध गराई पाउँ भनि अनुरोध भई आएको हुँदा प्रहरी प्रभागको भवन निर्माण गर्नको लागि रु ८,००,०००।- वरावरको कार्यक्रम सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १४,

यस उप महानगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्य कुशलता अभिवृद्धि गर्नकको लागि सावीकमा उपलव्ध गराउदै आइरहेको सुविधामा उप महानगरपालिकाको आन्तरिक श्रोतवाट व्यहोर्ने गरी देहाय वमोजिम थप वजेट विनियोजन सहितको सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

क) नगर प्रहरी वलमा कार्यरत नगर प्रहरीहरुलाई सावीकमा पोशाक वापत उपलव्ध गराउदै आई रहेको रकमको सट्टामा सम्पुर्ण नगर प्रहरी कर्मचारीहरुलाई कार्यालयवाटै पोशाक उपलव्ध गराउने ।

ख) उप महानगरपालिकाको तर्फवाट तलव भत्ता खने कर्मचारीहरु मध्ये वारुणयन्त्रमा काम गर्ने र उप महानगपालिकाका सुरक्षा गार्डमा कार्यरत कर्मचारीहरुलाई साविकमा खाई पाई आएको राशन भत्ताामा मासिक जनही रु २०६३।- (रु दुई हजार त्रिसट्ठी मात्र) र नगर प्रहरी बल समेतको राशन भत्तामासावीकमा उपलव्ध गराउदै आईरहेको रकममा मासीक रु १०००।- ( रु एक हजार मात्र) थप राशन भत्ता उपलव्ध गराउने ।

ग) उप महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई हालको वजार भाउलाई समेत मध्यनजर गर्दे सावीकमा उपलव्ध गराउदै आइरहेको खाजा भत्तामा दैनिक रु १०।- ले वृद्धि गरी मासीक रु ३००।- थप उपलव्ध गराउने ।

घ) उप महानगरपालिकावाट उपलव्ध गराउदै आईरहेको सवारी साधन हुने कर्मचारीहरुलाई इन्धन सुविधावापत मासिक सात लिटर उपलव्ध गारउदै आईरहेकोमा सो लाई वृद्धि गरी मासीक दश लिटर दिने र सवारी साधन नहुने कर्मचारीहरलाइ इन्धान सुविधा वापत मासीक रु १०००।- दिने ।

ङ) वडा कार्यालय सञ्चालनको लागि साविकमा उपलव्ध गराउदै आईरहेको रकममा मासिक रु २०००।- वृद्धि गरी उपलव्ध गराउने ।

च) वडा कार्यालय सञ्चालमा प्रयोग हुने टेलिफोन महशुलमा साविकमा उपलव्ध गराउदै आई रहेको रकममा वृद्धि गरी वढिमा रु १०००।- सम्म बिल अनुसार भुक्तानी दिने ।

छ) उप महानगरपालिकामा भएको मौजुदा जनशक्तिले मात्र सेवा प्रवाह गर्न कठिनाई भएको हुँदा आवश्यकता र औचित्यताका आधारमा स्वयंसेवक परिचान गरी सेवा प्रवाह सरल, चुस्त वनाउने साथै वडा नं. ९ नगर स्वास्थ्य केन्द्रमा स्वयंसेवक परिचालनका लागि रु १५००००।- विनियोजन गर्ने ।

ज) यस ललितपुर उप महानगरपालिकाको जनस्वास्थ्य शाखाको स्विकृत वार्षिक कार्यक्रममा उप महानगरपालिका क्षेत्र भित्र विभिन्न संघ संस्थाहरुवाट रक्तदान कार्यक्रम सन्चालन गर्नको लागि कार्यक्रम सहयोग वापत आर्थिक सहयोग मग भई आउने गरेको हुँदा नेपाल रेडक्रस सोसाइटिवाट रक्तदाताहरुको संख्या एकिन भएको प्रमाणीत भई आएको संख्याको आधारमा प्रति रक्तदाता रु १००। (रु एक सय मात्र) आयोजक संस्थालाई कार्यक्रम सहयोग वापत दिने गरी रु ४०००००।- विनियोजन गर्ने ।

झ) छाडा कुकुर नियन्त्रण गर्नको लागि रु १०,००,०००।- विनियोजन गर्ने । ( गत आर्थिक वर्षको दायित्व समेत समावेश गरिएको )

निर्णय नं. १५,

यस उप महानगरपालिकालाई विश्व बैकको सहयोगमा प्रतिफलमा आधारीत फोहरमैला व्यवस्थापनका लागि सहयोग स्वरुप नगर विकास कोष मार्फत सवारी साधन खरिदको लागि रकम उपलब्ध गराएकोमा दुईवाट कन्टेनर खरिद गरि सकिएको र दुईवटा सानो टाटा मोवाई सवारी साधन खरिद गर्नको लागि रु २५,००,०००। रकम रहेको र उक्त सवारी साधन खरिद गर्दा भ्याट छुट नहुने हुँदा भ्याट वापतको रकम उप महानगरपालिकाले व्यहोर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६,

यस ललितपुर उप महानगरपालिकाको चालु आर्थिक वर्षको स्विकृत वार्षिक वजेट शिर्षकहरुमा देहायका वजेट शिर्षकहरु थप गरी देहाय वमोजिमको रकम उप महानगरपालिकाको आन्तरिक श्रोत वाट व्यवस्थापन हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

क) नगर स्तरिय शान्ति समितिको वार्षिक कार्यक्रम सन्चालनार्थ रु १,५०,०००।-

ख) अनाधिकृत रुपमा सार्वजनिक स्थानमा राखीएका सामाग्रीहरु तथा सार्वजनिक स्थलमा फोहर फालेमा त्यस्ता संघ संस्था वा व्यक्तिहरुलाई नेपाल प्रहरी मार्फत समाती कार्यवाहि सहित जरिवान गरिएमा सम्वन्धित प्रहरी प्रभागलाई जारीवाना वापत उठेको रकमको २५ प्रतिशत प्रोत्सहान भत्ता उपलब्ध गराउन रु ५,००,०००।-

ग) उप महानगरपालिका क्षेत्र भित्र रहेको अशहाय, अनाथ, मानसीक असन्तुलन भएका नागरीकहरुको उद्धार तथा पुनर्स्थापना गर्ने कार्यक्रम सन्चालनको लागि रु ३,००,०००।-

घ) वातावरण शाखा वालकुमारीमा सवारी साधन पार्किङ्ग स्थलमा पि.सि.सि.ढलान गर्न रु २५,००,०००।-

ङ) २३ देखि ३० सम्म वडा नं. हरुमा GLD लागु गर्न GLD नक्साकंन गरी आवश्यक तयार गर्न रु १०,००,०००।

च) शहरी विकास महाशाखा अर्न्तगत रहेको मिसिल व्यवस्थापनको लागि रु १०,००,०००।-

छ) गत विगत आर्थिक वर्षका क्रमागत योजनाको लागि रु ३,८०,००,०००।–

ज) अनाधिकृत रुपमा सार्वजनिक स्थानमा राखीएका सामाग्रीहरु तथा सार्वजनिक स्थलमा फोहर फालेमा त्यस्ता संघ संस्था वा व्यक्तिहरुलाई नगर प्रहरी मार्फत समाती कार्यवाहि सहित जरिवान गरिएमा नगर प्रहरीहरुलाई जारीवाना वापत उठेको रकमको २५ प्रतिशत प्रोत्सहान कोष खडा गरी उपलब्ध गराउन रु ५,००,०००।

झ) ललितपुर उप महानगरपालिका वडा नं. १५ खुमलटार हात्तिवन स्थित नमुना वस्तीमा गत वर्षमा उप महानगरपालिका क्षेत्र भित्र नमुना योजनाको रुपमा ट्रिटमेन्ट प्लान्ट निर्माण गनी ट्याङ्की निर्माण कार्य भएको र सो प्लान्ट लाई पूर्णता दिनको लागि वाहय श्रोतवाट वजेट व्यवस्थापन गरी कार्य गर्ने ।

ञ) ललितपुर उप महानगरपालिका एक अर्धन्यायिक निकायको रुपमा समेत रहेको र न्यायिक क्षेत्र र सो क्षेत्रको सहयोगी संस्था समेत संग सहकार्य गरी काम गर्नु पर्ने भएको हुँदा ललितपुर बार एशोसिएशन को सेवा केन्द्रको कक्ष निर्माण गर्न रु १,००,०००।- रकम विनियोजन गर्ने ।

ट) उप महानगरपारिका क्षेत्र भित्र जनसहभागितामा आधारीत सौर्य सडक वत्ति कार्यक्रम कार्यान्वयन गर्नको लागि आन्तरीक श्रोतवाट रु ९,२६,००,०००।- वजेट व्यवस्थापन गर्ने ।

ठ) २३ औ नगरपरिषदवाट पारित चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममा देहाय वमोजिम संसोधन गरी सो वाट वचत हुन आएको रकम जनसहभागितामा आधारीत सौय सडक वत्तिकार्यक्रममा विनियोजन गर्ने ।

१) भवन निर्माण शिर्षकमा रु ५०,००,०००।- लाख विनियोजन गरी वाँकी रु १,००,००,०००।-सौर्य सडक बत्तिमा समावेश गर्ने

२) सार्वजनीक शौचालय शिर्षकमा रु ५,००,०००।- विनियोजन गरी वाँकी रु २५,००,०००।- सौर्य सडक वत्तिमा समावेश गर्ने ।

३) वडा स्तरीय वजेट शिर्षकवाट प्रति वडा रु १०००००।- का दरले घटाई रु ३०,००,०००।- सौर्य सडक वत्तिमा समावेश गर्ने ।

निर्णय नं. १७,

यस ललितपुर उप महानगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको तलवीमा सावीकमा खाईपाई आएको तलवमानमा नेपाल सरकारले चालु आर्थिक वार्षमा वृद्धि गरेको तलव अनुसार मिलान गरी तलवीमान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १८,

यस ललितपुर उप महानगरपालिकाको चालु आर्थिक वर्षको स्विकृत वार्षिक वजेट नीति तथा कार्यक्रम अर्न्तगत सार्वजनिक निर्माण अर्न्तगको नीतिमा अधुरा योजनाको लागि रकम विनियोजन गरिदै आई रहेकोमा अधुरा योजनाहरुको संख्या आर्थिक वर्षमा थप हुँदै गई रहेको हुँदा आर्थिक वर्ष २०७०/०७१ सम्ममा सन्चालित योजनाहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा र आ.व.२०७१/०७२ को कार्य सम्पन्न गर्न लगाई कार्य प्रगतीको आधारमा मुल्याकँन गरी चालु आर्थिक वर्षको प्रथम चौमासीक भित्र फछर्यौट गरी फरफारक गराउने र चालु आर्थिक वर्ष देखि क्रमागत योजनाको रुपमा कार्यक्रम समावेश गर्ने निर्णय गरियो।

निर्णय नं. १९,

निर्णय नं. २२, यस ललितपुर उप महानगरपालिकाको गत आर्थिक वर्ष २०७२/०७३ मा स्विकृत वार्षिक वजेट तथा कार्यक्रमहरु मध्ये स्विकृत योजनाहरु विभिन्न कारणले सन्चालन हुन नसकि देहायका योजनाहरु स्थानीय स्तरवाट माग भई सन्चलन गरिएको सो योजनाहरु वैठकमा पेश गरि अनुमोदन गर्ने निर्णय गरियो ।

<u>आन्तरिक सडक</u>

| स्वीकृत योजनाको नाम | रकम | संचालन हुन नसक्नुको कारण | सट्टामा माग भई संचालन गरिएका योजनाहरु | रकम |
|---|---|---|---|---|
| सडक विस्तार सम्वन्धी योजनाहरुको लागि पूर्वाधार विकास तथा निर्माण कार्य संचालन गर्न | ४००००००.०० | - | कनिवहालवाट सिन्चाहिटी तर्फ दिनेश कुमार सुवेदीको घर अगाडी रिटेनिङ वाल लगाउन वडा नं १७ | १४४७२८.१४ |
| | | | सुन्धारा देखि ओकुवहालसम्म आरसिसि ढलान गर्ने वडा नं ६ | २५१४२५३.०३ |
| | | | सेतिपाखा हरिसिद्धिमा ग्राभेल गर्ने वडा नं ३० | ४६७८८८.४२ |
| | | | गुईटोलमा चाईनिज ईट्टा छाप्ने वडा नं ८ | ६८६२५९.९६ |
| सडक सम्वन्धी माग भई आएका अन्य कार्यहरु | २००००००.०० | - | छन्तेली मगर समाज जाने वाटोमा ग्राभेल गर्ने वडा नं ४ | ४३०४९१.८६ |
| | | | पूर्णचण्डीवाट तढोकासम्म पिच मर्मत वडा नं १८,२० | ४८३८०३.८५ |
| | | | पूर्णचण्डीवाट वालुखासम्म पिच मर्मत वडा नं १८,१९ | ४८९४३१.५९ |
| | | | वोधीग्राम टोलमा ग्राभेलिङ्ग गर्ने वडा नं १५ | ४९५०५१.८० |
| सिभिल होम्स देखि वडा नं २४ सम्म जाने सडक निर्माण | ८०००००.०० | सम्पर्कमा नआएको | वाल विनोद स्कुलको आडमा सडक कालोपत्रे गर्ने वडा नं २० | ४८५३८२.८२ |
| | | | नागदह जाने वाटोवाट भिमसेन पिपलवोट तर्फ जाने वाटो आरसिसि गर्ने वडा नं २५ ***(नपुग वजेट)*** | १९२४४०.५८ |
| पूर्णचण्डी अग्नीशालसम्म सडक मर्मत वडा नं १८ | ३०००००.०० | सम्पर्कमा नआएको | हरिसिद्धि नया वस्ती सानागाउ जोड्ने कच्ची सडक ग्राभेल गर्ने वडा नं २९ | २४३१७६.०० |
| काठमाण्डौ अस्पताल देखि धापाखेल जोड्ने वाटो मर्मत वडा नं २८ | ८०००००.०० | सम्पर्कमा नआएको | जल विनायकवाट व्यापार प्रवद्धन केन्द्रतर्फ जाने वाटो कालोपत्रे गर्ने वडा नं २० ***(नपुग वजेट)*** | १८४७९५.०० |

**<u>वातावरण सुधार तथा ढल निर्माण</u>**

| स्वीकृत योजनाको नाम | रकम | संचालन हुन नसक्नुको कारण | सट्टामा माग भई संचालन गरिएका योजनाहरु | रकम |
|---|---|---|---|---|
| ग्वार्को विएण्डवि अस्पताल पूर्व ढल निर्माण वडा नं १७ | १००००००.०० | सम्पर्कमा नआएको | शान्तिवस्ती पृथ्वीराज लिगलको घर अगाडी ढल निर्माण गर्ने वडा नं ३ | ५२२४३१.२० |
| | | | विष्ट पाखा चोखेल वर्षादको पानी व्यवस्थापनको लागि ढल निर्माण वडा नं २६ | ४५७०४४.८९ |
| हरिसिद्धि समय टोलमा ढल निर्माण वडा नं २७ | ९०००००.०० | सम्पर्कमा नआएको | दिपावली मार्गको पश्चिम तर्फ ढल निर्माणग गर्ने वडा नं १५ | ६७७३६०.२९ |
| नगरका विभिन्न स्थानहरुमा ढल सफाई तथा मर्मत गर्ने कार्य | २००००००.०० | | वाफल ग्वार्कोमा मंगाल निर्माण तथा व्लक छाप्ने वडा नं १७ | ४८७०५८.३६ |
| | | | सप्तखेलमा ढल सफा गर्ने र पाईप राख्ने वडा नं ९ | ४९५१३८.५४ |
| | | | कुसुन्तीमा ढल तथा व्लक छाप्ने वडा नं १३ | ४९४५३०.७७ |

| | | | | |
|---|---|---|---|---|
| | | | आदर्शनगरमा ढल सफा र मंगाल निर्माण गरी व्लक छाप्ने वडा नं १३ | ४९२६५९७२ |

पार्क निर्माण तथा व्यवस्थापन

| स्वीकृत योजनाको नाम | रकम | संचालन हुन नसक्नुको कारण | सट्टामा माग भई संचालन गरिएका योजनाहरु | रकम |
|---|---|---|---|---|
| सार्वजनिक जग्गा संरक्षण तथा पार्क निर्माण गर्न (नया थपिएका वडाहरुमा समेत) | १६००००० | | आदिनाथ कुण्ड जिर्णोद्धार तथा पार्क निर्माणको लागि तारवार गर्ने वडा नं ४ | ३७२८११०२ |
| | | | चोईना विणा गणश प्राविको मैदानमा दुवो घास रोप्ने वडा नं १४ | ६०२१९४४ |
| | | | वालकुमारी सप्तखेलमा रिटेनिङ वाल लगाई जग्गा संरक्षण गर्ने वडा नं ९ | ४९८५४३८३ |
| | | | धापाखेल आखीदहमा काडेतारले पोखरी संरक्षण गर्ने र माटो खन्ने वडा नं २५ | ५००००००० |

वालवालिका लक्षित

| स्वीकृत योजनाको नाम | रकम | संचालन हुन नसक्नुको कारण | सट्टामा माग भई संचालन गरिएका योजनाहरु | रकम |
|---|---|---|---|---|
| वडा नं ११, १८ पाटन दरवार क्षेत्रमा मर्मत संभार कार्यको रु.८,५०,०००।०० र मिननाथवहाल परिसरमा तेलिया ईट्टा छाप्ने रु.१ लाख गरी जम्मा | ९५००००.०० | | कुसुन्ती कोभेनेन्ट स्कुलको दाया तर्फ सिमेन्ट व्लक छाप्ने वडा नं १३ | ३३८९१२.५४ |
| | | | श्रमिक शान्ति क्याम्पस भवनमा रंगरोगन गर्ने वडा नं ९ | २५२०१४.८३ |
| | | | एकान्तकुनामा कंक्रिट व्लक छाप्ने वडा नं १३ | ३५१२५२.१४ |
| संरक्षित स्मारक क्षेत्रमा ढुङ्गा छाप्ने वडा नं ११,१८ | ५०००००.०० | सम्पर्कमा नआएको | श्री मिननाथ स्कुलमा पिलर कास्टीङ र ईट्टा जोडाईको कार्य वडा नं १२ | ४९४४२१.२३ |

भवन निर्माण

| स्वीकृत योजनाको नाम | रकम | संचालन हुन नसक्नुको कारण | सट्टामा माग भई संचालन गरिएका योजनाहरु | रकम |
|---|---|---|---|---|
| वडा नं २७ सुनाकोठी पुस्तकालय भवन साथै अन्य भवन निर्माण (नया थपिएका वडाहरुमा समेत) | ४००००००.०० | | चोखेल सत्सङ्ग भवन निर्माण वडा नं २४ | ९९६०९.३१७ |
| | | | सुनाकोठी पुस्तकालयमा ट्रस राखी तल्ला थप वडा नं २७ | १०१९९५६.२८ |
| | | | वडा कार्यालय भवनमा ट्रस निर्माण वडा नं १३ | २६९८६१.५२ |
| | | | वडा कार्यालयमा ट्रस राखी हल निर्माण वडा नं ७ | ४८८८२०.३३ |
| | | | जुद्ध वारुण पुल्चोकमा गार्ड हाउस निर्माण वडा नं ३ | ४८६७३६.२६ |
| | | | वडा कार्यालय भवनमा हल निर्माण वडा नं १६ | ४९८४२०.४ |
| जुद्ध वारुण यन्त्र भवन डिजाईन गर्न | १००००००.०० | | जुद्ध वारुण यन्त्र पुल्चोकमा टहरा निर्माण | १०१०४११.६२ |

**सम्पदा तर्फका**

| सि.नं | योजनाको विवरण | वडा नं | चालु आ.व.मा विनियोजित | संसोधित थपघट वजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | जावलाखेल पाटीमा आखी झ्याल राख्ने | ४ | ४,५०,०००.०० | - | आ.व. ०७१/७२ मा संचालन नभएकोले क्रमागत गर्न नपर्ने |
| २ | प्रथमशिल महाविहार जिर्णोद्धार | ८ | १२,००,०००.०० | - | आ.व ०७२/७३मा पुरातत्व विभागवाट गर्ने भएकोले |
| ३ | नरसिंह मन्दिर जिर्णोद्धार | १८ | १०,००,०००.०० | - | आ.व. ०७१/७२ मा संचालन नभएकोले क्रमागत गर्न नपर्ने |
| ४ | भाईदेग मन्दिर पुनः निमार्ण | १७ | १५,००,०००.०० | ०.०० | |
| ५ | कुम्भेश्वर गोसाई कुण्डवाट आउने पानी गौरी कुण्डको मर्मत तथा संभार गर्ने | २२ | २,००,०००.०० | 0 | स्थलगत निरिक्षण गर्दा मर्मत संभार गर्न आवश्यक नभएको |
| ६ | आकस्मिक योजना | | ५,००,०००.०० | 0 | खर्च नहुने देखिएकोले |
| ७ | मत्या पर्व हुने स्थानमा मर्मत संभार र रंगरोगन गर्ने कार्य | | १,५०,०००.०० | 0 | संस्कृति प्रवर्द्धनवाट कार्य सम्पन्न भैसकेको |
| ८ | संरक्षित स्मारक क्षेत्रमा ढुंगा छाप्ने कार्य (लक्षित वर्ग) | १८ | १२,००,०००.०० | ५,००,०००.०० | |
| ९ | चोछे लाछीको पाटीको जिर्णोद्धार | ११ | ८,००,०००.०० | १५,५०,०००.०० | कार्य सम्पन्न गर्न थप वजेट आवश्यक |
| १० | छाय्वहाल पाटी जिर्णोद्धार | | ८,००,०००.०० | १८,००,०००.०० | |
| ११ | च्यासिंदेवल मन्दिर जिर्णोद्धार | १८ | ० | १०,००,०००.०० | २०७२।१।१२ गतेको विनासकारी भुकम्पले क्षतिग्रस्त भई जिर्णोद्धार गर्न आवश्यक |
| १२ | सम्येक महादान पर्वको लागि विभिन्न मन्दिरको लागि रंगरोगन गर्ने कार्य | १६ | ० | ५,००,०००.०० | प्रत्येक ४ वर्षमा मनाउने क्रममा यस वर्ष पर्व संचालन हुने भएकोले |
| १३ | पुल्चोक ढुंगेधारामा निकास खोल्ने | ३ | ० | ५,००,०००.०० | |
| १४ | माकहिटि जिर्णोद्धार | ८ | २५०००० | ४,०३,०००.०० | |
| १५ | कुमारी पाटी पोखरी संरक्षण | ५ | ४००००० | ९,२९,०००.०० | |
| | जम्मा | | ८४,५०,०००.०० | ७१,८२,०००.०० | |

निर्णय नं. २०,

यस उप महानगरपालिका अर्न्तगतका वडा समितिका कार्यालयहरु मध्ये देहायका वडा समितिका कार्यालयहरुको भौतीक सुधार, रंगरोगन, इन्टरनेट, फर्निचर फर्निसिङ्ग लगायतको वडा कार्यालय सुदृढिकरण कार्यक्रम सन्चालन गर्न उप महानगरपालिकाको आन्तरीक श्रोत वजेटवाट व्यहोर्ने गरी देहाय वमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.न. | वडा नं. | भवन मर्मत तथा रंग रोगन रु | फर्निचर फर्निसिङ्ग रु | सोलार रु | इन्टरनेट जडान रु |
|---|---|---|---|---|---|
| १ | १ | ७,००,०००।- | सवै वडा समितिको | २,००,०००।- | ५०,०००।- |

| सि.न. | वडा नं. | भवन मर्मत तथा रंग रोगन रु | फर्निचर फर्निसिङ्ग रु | सोलार रु | इन्टरनेट जडान रु |
|---|---|---|---|---|---|
| २ | २ | - | कार्यालयलाई रु ५०,००,०००। | २,००,०००।- | ५०,०००।- |
| ३ | ३ | - | | | ५०,०००।- |
| ४ | ४ | ७,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| ५ | ५ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| ६ | ६ | - | | २,००,०००।- | ५०,०००।- |
| ७ | ७ | - | | | ५०,०००।- |
| ८ | ८ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| ९ | ९ | १०,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| १० | १० | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| ११ | ११ | - | | २,००,०००।- | ५०,०००।- |
| १२ | १२ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| १३ | १३ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| १४ | १४ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| १५ | १५ | ८,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| १६ | १६ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| १७ | १७ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| १८ | १८ | - | | | |
| १९ | १९ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| २० | २० | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| २१ | २१ | - | | २,००,०००।- | ५०,०००।- |
| २२ | २२ | ८,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| २३ | २३ | - | | २,००,०००।- | ५०,०००।- |
| २४ | २४ | - | | २,००,०००।- | ५०,०००।- |
| २५ | २५ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| २६ | २६ | - | | २,००,०००।- | ५०,०००।- |
| २७ | २७ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| २८ | २८ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| २९ | २९ | ५,००,०००।- | | २,००,०००।- | ५०,०००।- |
| ३० | ३० | - | | | ५०,०००।- |
| जम्मा रु | | १,१०,००,०००।- | | ५२,००,०००।- | १४,५०,०००।- |

निर्णय नं. २१,

यस ललितपुर उप महानगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई गम्भिर प्रकृतीको रोग लागी उपचार गराउनु पर्ने भएमा त्यस्ता कर्मचारीहरुको लागि सम्वन्धित स्वास्थ्य संस्थावाट गम्भिर प्रकृतिको रोग लागेको भनि डाक्टरको प्रेसक्रिप्सन सहित निवेदन पर्न आएमा एक पटकको लागि रु १०००००।- आर्थिक उपचारार्थ सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २२,

यस ललितपुर उप महानगरपालिकाको गत आर्थिक वर्ष २०७२/०७३ मा स्विकृत वार्षिक वजेट तथा कार्यक्रमहरुमा विनियोजीत वजेटवाट योजना तथा कार्यक्रम सन्चालन गर्दे जादा केहि वजेट तथा कार्यक्रमहरुको शिर्षकमा विनियोजित वजेटलेमात्र खर्च लेख्न अपुग भएको हुँदा देहायका वजेट शिर्षकहरुमा देहायका वजेट शिर्षकहरुवाट शिर्षकान्तर तथा रकमान्तर गरी खर्च लेखिएकोमा उक्त शिर्षकान्तर तथा रकमान्तरहरु वैठकमा पशे गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३,

यस ललितपुर उप महानगरपालिकाको मिति २०७२ साल पौष २७ गते देखि मिति २०७३ आषाढ मसान्त सम्म उप महानगरपालिका वोर्ड वैठकवाट भए गरेका निर्णयहरु वैठकमा पेश गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २४,

यस ललितपुर उप महानगरपालिकाको पदपूर्ति समितिको बैठकले मिति २०७२ पौष २७ गते देखि २०७३ साल आषाढ मसान्त सम्म गरेको कार्यहरुको प्रतिवेदन वैठकमा पशे गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २५,

यस ललितपुर उप महानगरपालिकाको योजना जाँचपास समितिको मिति २०७२ पौष २७ गते देखि मिति २०७३ आषाढ मसान्त सम्म जाचँपास तथा फरफारकलाई गरेको प्रतिवेदन वैठकमा पेश गरी पारीत गर्ने निर्णय गरियो ।

निर्णय नं. २६,

यस ललितपुर उप महानगरपालिकाको कार्य क्षेत्र फराकीलो हुदै गइरहेको हुँदा मौजुदा कर्मचारीवाट मात्र कार्य सन्चालन गर्न जनशक्ति अभाव भएको हुँदा कार्यालय सहयोगी, वगैचा हेरालु (माली), सवारी चालक, सुरक्षा गार्ड, लगायतको जनशक्ति आवश्यकता र औचित्यताका आधारमा आवश्यक संख्यामा सेवा करारमा लिन उप महानगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

ललितपुर उप महानगरपालिका क्षेत्र भित्र निजी घरजग्गामा सन्चालनमा रहेका निजी पार्किङ्गहरुलाई करको दायरामा ल्याउनको लागि पार्किङ्ग व्यावसाय दर्ता गर्न लगाउने र त्यसको लागि व्यावसायकर प्रति वर्ग फिट रु २।-(दुई) का दरले कर निर्धारण गरी कर लिई अन्य व्यावसाय सरह दर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

ललितपुर उप महानगरपालिका वडा नं. ११ आदर्श कन्या निकेतन बिद्यालयको पश्चिम तर्फ तथा ढुङ्गेधारको उत्तर तर्फ विद्यालय जाने बाटो नछेक्ने गरी हलुका सावरी साधन तथा मोटर साइकल पार्किङ्ग सन्चालन गर्नको लागि मासिक रु ५०००।- (रु पाँच हजार मात्र) वुझाउने गरी मंगल टोल सुधार संघलाई पार्किङ्ग शुल्क उठाउन दिने र ललितपुर उप महानगरपालिका वडा नं. ३ पुल्चोक दमकबाट ठाडोढुङ्गा तर्फ जाँदा बायाँ तर्फ विचमा साविकको सेन्टमेरिज बिद्यालयको वस विसौनीको रुपमा अस्थायी प्रयोग हुँदै आएको तीनकुने पिच भएको क्षेत्र पिच सडक बाहेकको भित्र तर्फको खाली रहेको स्थानमा विद्यालय संन्चालनको समयमा विद्यालयको वस विसौनी समय बिहान एक घण्टा र बेलुकी एक घण्टा वाहेकको समयमा मासीक रु ७०००।-(रु सात हजार मात्र) बुझाउने गरी पुल्चोक स्पोर्टस क्लव लाई २०७३ साल भाद्र १ गते देखि २०७४ साल आषाढ मसान्त सम्म श शुल्क पार्किङ्ग सन्चालन गर्न दिने निर्णय गरियो ।

निर्णय नं. २९

यस ललितपुर उप महानगरपालिकाको चालु आर्थिक वर्ष २०७३/०७४ को स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अर्न्तगत देहायका योजना तथा कार्यक्रमहरु देहाय वमोजिम संसोधन तथा परिमार्जन सहित पारीत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

क) सार्वजनिक निर्माण अर्न्तगत वातावरण सुधार तथा ढल निर्माण शिर्षकमा वैकल्पीक तर्फ थप गर्ने

१) वडा नं. १ कुपण्डोल एडभान्स कलेज नजिकै ढल निर्माण ।

२) वडा नं. २, राम मन्दिर नजिक ढल निर्माण

ख) सार्वजनिक निर्माण अर्न्तगत खानेपानी सुधार कार्यक्रम शिर्षकमा बैकल्पीक तर्फ थप गर्ने

१) वडा नं. ४ पट्टिपामा खानेपानी लाईन विस्तार

२) वडा नं.२७ सुनाकोठी वाङ्गेधारावाट पश्चिम तर्फ खानेपानी लाईन विस्तार गर्ने

## ग) सम्पदा संरक्षण योजनाहरु विनियोजित कूल बजेट : २५,०५०,०००।००

| सि.न | योजना विवरण | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | हासापोटा गणेशस्थानमा भजन पार्टी कलात्मक तरिकावाट दाँची ईट्टाले बनाउने थप कार्य | ३ | ५,००,०००.०० | |
| २ | पुल्चोक ढुंगेधारामा निकासको कार्य | ३ | ८,००,०००.०० | |

| सि.न | योजना विवरण | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| ३ | अशोक चैत्य मर्मत | ३ | ५,००,०००.०० | |
| ४ | महालक्ष्मी मन्दिर परिसर सुधार | ५ | १०,००,०००.०० | |
| ५ | जगदनाथ मन्दिर जिर्णोद्धार | ५ | ५,००,०००.०० | |
| ६ | गणेश मन्दिर ज्याठा पुनः निर्माण | ६ | ८,००,०००.०० | |
| ७ | बालकुमारी मन्दिर परिसरको सत्तल जिर्णोद्धार | ८ | ५,००,०००.०० | |
| ८ | सौगलको महादेव मन्दिर पुनः निर्माण गर्ने | ८ | १५,००,०००.०० | |
| ९ | सैथु गणेश मन्दिर मर्मत | ९ | ३,००,०००.०० | |
| १० | यम्पी महाविहार करुणाचोकको डिगी वनाउने कार्य | ९ | ३,५०,०००.०० | |
| ११ | सप्तपुर महाविहार चिकवहिल जिर्णोद्धार गर्ने थप कार्य | ९ | १५,००,०००.०० | |
| १२ | हरिहर मन्दिर जिर्णोद्धार | १० | ५,००,०००.०० | |
| १३ | लाखेचोक हरिशंकर मन्दिर मर्मत | ११ | २,००,०००.०० | |
| १४ | चोछें पाटी जिर्णोद्धार | ११ | २५,००,०००.०० | |
| १५ | क्षेत्रपाल मन्दिर जिर्णोद्धार | १३ | १,००,०००.०० | |
| १६ | तिखेदेवलको उमामहेश्वर मन्दिर मर्मत सुधार | १४ | २,००,०००.०० | |
| १७ | ईलायवही जिर्णोद्धार | १७ | १२,००,०००.०० | |
| १८ | सुरश्चन्द्र महाविहार जिर्णोद्धार | १८ | ७,००,०००.०० | |
| १९ | दरवार स्क्वायर क्षेत्रमा मर्मत सुधार | ११, १८ | ८,००,०००.०० | |
| २० | यशोधरा महाविहार करुणामय मन्दिर वनाउने | १८ | ५,००,०००.०० | |
| २१ | छायवहाल भजन पाटी मर्मत | २१ | २३,००,०००.०० | |
| २२ | जगमदु(जमल) पोखरीको पाटी र प्रवेशद्धारको पाटी पुन निर्माण गर्ने | २१ | ८,००,०००.०० | |
| २३ | शंखमुल मृत्यन्जय पाटी जिर्णोद्धार | २२ | २०,००,०००.०० | |
| २४ | जनै पुर्णिमाको लागि कुम्भेश्वरमा मर्मत संभार र रंगरोगन गर्ने | २२ | १,५०,०००.०० | |
| २५ | तापाहिटीको पाटी पुनः निर्माण गर्ने | २२ | १२,००,०००.०० | |
| २६ | श्री सिद्धि गणेश मर्मत तथा पुनः निर्माण | २३ | ४,००,०००.०० | |
| २७ | चौखेल विन्दवासिनी मन्दिर जिर्णोद्धार | २६ | ४,००,०००.०० | |
| २८ | चार गुठी(मुर्द्धा गुठी) सिककु फल्चा पूर्ण निर्मण गर्ने | २९ | ६,००,०००.०० | |
| २९ | वडा नं. ३० मा अवीस्थत ऐतिहासिक मुल ढोका कलात्मक रुपमा पुनः निर्माण | ३० | १०,००,०००.०० | |
| | **जम्मा** | | **२,३८,५०,०००.००** | |

**२) लक्षित वर्ग केन्द्रित योजनाहरु**

| सि.नं | योजनाको नाम | वडा नं | चालु आ.व.मा विनियोजित | कैफियत |
|---|---|---|---|---|
| १ | कुमारी मन्दिर जिर्णोद्धार | २ | ६,००,०००.०० | |
| २ | बौद्ध विहार संघ रंगरोगन तथा मर्मत सम्भार | ३ | ५,००,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | अफलडोल महिला देवि मन्दिर जिर्णोद्धार | ४ | ५,००,०००.०० | |
| ४ | बागडोल मन्दिर परिसरमा ढुङ्गा छाप्ने | ४ | ४,००,०००.०० | |
| ५ | दक्षिणकाली मन्दिर जिर्णोद्धार तथा परिसर सुधार | ५ | ३,००,०००.०० | |
| ६ | जयमंगल महाविहार जिर्णोद्धार | ७ | ८,००,०००.०० | |
| ७ | अमृतवर्ण महाविहार (यछुवहाल) जिर्णोद्धार | ७ | ६,००,०००.०० | |
| ८ | पशुपति मन्दिर जिर्णोद्धार | ९ | ८,००,०००.०० | |
| ९ | बुईना गणेश मन्दिर / पाटी जिर्णोद्धार | १२ | ५,००,०००.०० | |
| १० | निलकण्ठ शुभयात्रेश्वर महादेव मन्दिर निर्माण | १७ | ३,००,०००.०० | |
| ११ | रत्नाकर महाविहार जिर्णोद्धार | १८ | ५,००,०००.०० | |
| १२ | श्रीवहाल स्थित नाट्यश्वरको जिर्णोद्धार गर्ने | २१ | १,००,०००.०० | |
| १३ | ताफल्चा निर्माण | २६ | १२,००,०००.०० | |
| १४ | कृष्ण प्रणामी मन्दिर जिर्णोद्धार | २७ | २,००,०००.०० | |
| | | जम्मा | ७३,००,०००.०० | |

**बैकल्पिक सम्पदा संरक्षण योजनाहरु**

| सि.न | योजना विवरण | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बालकुमारी पोखरीको पर्खाल मर्मत | ८ | ५,००,०००.०० | |
| २ | अमृतवर्ण त्वाय्वहा पाटीमा फ्लाक राख्ने | ७ | १,५०,०००.०० | |
| ३ | नवहालको चिभा मन्दिर पुनः निर्माण | २० | ३,००,०००.०० | |
| ४ | अष्टलक्ष्मी सनागुठी निर्माण | १६ | १५,००,०००.०० | |
| | **जम्मा** | | २४,५०,०००.०० | |

**संस्कृति प्रर्वद्धन कार्यक्रम** **विनियोजित कुल बजेट ७,०००,०००.००**

| सि.नं. | | विवरण | आ.व. ०७२/७३ को विनियोजित वजेट | आ.व.०७३/७४ को प्रस्तावित वजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | | **ढुंगेधारा तथा ऐतिहासिक पोखरी संरक्षण कार्यक्रम** | १३,५०,०००.०० | १०,००,०००.०० | |
| | १.१ | ढुंगधारा तथा ऐतिहासिक मठमन्दिरमा परिचय बोर्ड राख्ने | १,५०,०००.०० | १,५०,०००.०० | |
| | १.२ | सिथि नखःको अवसरमा ढुंगेधाराहरुको सरसफाई कार्यक्रम | ३,००,०००.०० | ४,००,०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १.३ | आकासेपानी संकलन सम्वन्धी अभिमुखिकरण कार्यक्रम | १,५०,०००.०० | १,५०,०००.०० | |
| | १.४ | आकासे पानी संकलन गरि पनरभरणका लागि रिचार्ज ईनार निर्माण | ७,५०,०००.०० | ३,००,०००.०० | |
| २ | | **साँस्कृतिक प्रवर्द्धन कार्यक्रम** | २०,००,०००.०० | ९,१०,०००.०० | |
| ३ | | **साहित्यिक विकास कार्यक्रम** | ५,००,०००.०० | ६,००,०००.०० | |
| | ३.१ | पुस्तक संकलन तथा बृत्तचित्र निमार्ण | १,५०,०००.०० | १,५०,०००.०० | |
| | ३.२ | ललितपुर शहरको संपदा, संस्कृति संवन्धि सि.डि. बनाउने | १,००,०००.०० | १,५०,०००.०० | |
| | ३.३ | नगर क्षेत्रमा रहेको संपदाहरुको Inventory तयार गर्ने | १,५०,०००.०० | १,५०,०००.०० | |
| | ३.४ | भाषा प्रबर्द्धन कार्यक्रम | १,००,०००.०० | १,५०,०००.०० | |
| ४ | | **कला संरक्षण कार्यक्रम** | ९,००,०००.०० | १०,००,०००.०० | |
| | ४.१ | नामसंगिति प्रशिक्षण कार्यक्रम | ५०,०००.०० | ५०,०००.०० | |
| | ४.२ | दाफाभजन प्रशिक्षण | २,००,०००.०० | ३,००,०००.०० | |
| | ४.३ | चर्या नुत्य साँस्कृतिक लोक नृत्य प्रशिक्षण | १,००,०००.०० | १,००,०००.०० | |
| | ४.४ | हस्तकला शिप विकास कार्यक्रम | २,००,०००.०० | २,००,०००.०० | |
| | ४.६ | साँस्कृतिक परम्परागत वाजा प्रशिक्षण | ३,००,०००.०० | ३,००,०००.०० | |
| | ४.८ | अनुगमन तथा सुपरिवेक्षण | ५०,०००.०० | ५०,०००.०० | |
| ५ | | संपदा तथा संस्कृति संरक्षण संम्वन्धि विद्यालय तथा समुदाय स्तरीय अभिमुखिकरण कार्यक्रम | ३,५०,०००.०० | ३,००,०००.०० | |
| ६ | | संस्कृति संरक्षण सम्वन्धमा अन्तरक्रिया कार्यक्रम | १,००,०००.०० | १,००,०००.०० | |
| ७ | | दरवन्दि परिमार्जन | ३,००,०००.०० | ०.०० | |
| ७ | | विविध संस्कृति संरक्षण | ५,००,०००.०० | ४,००,०००.०० | |
| ८ | | दरवन्दि (संस्कृति संरक्षण) | १०,००,०००.०० | २६,९०,०००.०० | |
| | | | ७०,००,०००.०० | ७०,००,०००.०० | |

निर्णय नं. ३०

Municipal Peoples Government, Haungyuan, County of Xining र यस ललितपुर उप महानगरपालिकाको बिच भगिनी शहर रहि आएको र तहाँवाट पर्यटन एवं साँस्कृतिक कार्यक्रमहरुमा यस उप महानगरपालिकालाई समेत वर्षेनि निमन्त्रणा भै भ्रमण समेत हुने गरेको परिप्रेक्ष्यमा उक्त नगरको मिति २०७३।४।३० मा प्राप्त पत्रमा ललितपुर नगरका नगरवासीहरुको तर्फवाट त्यस शहरमा बैदिष्ट दर्शनको Pavilion निर्माण भएमा दुवै नगरको मित्रताको सूचक हुनुका साथै कला, संस्कृति, परम्परा  जीवन शैली एवं हस्तकलाको प्रवर्द्धन हुनुका साथै पर्यटन विकासमा सहयोग पुऱ्याउने हुँदा उक्त Pavilion निर्माणमा सहयोग गर्नु हुने नेपालका तर्फवाट ललितपुर उप-महानगरपालिका वडा नं. २२ वस्ने श्री सरोज डंगोल र Xining सीटको तर्फवाट Xining मा वस्ने श्री चाङ्गलाई सम्मान स्वरुप हार्दिक धन्यवाद दिने निर्णय गरियो । साथै ललितपुरको पहिचान र कला संस्कृति

झल्कने र Xining city संगका भगिनी सम्वन्धलाई समेत चिर स्थायीत्व कायम गर्ने उद्येश्यले उप महानगरपालिकाको तर्फवाट प्रतिकारात्मक बुद्धको मुर्ति स्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१,

यस ललितपुर उप महानगरपालिका क्षेत्र भित्र देहायका स्थानका देहायका सडकहरु विस्तार भई कालोपत्र गर्नु पर्ने भएको हुँदा नेपाल सरकार अर्थ मन्त्रालयवाट वजेट निकासको लागि योजना छनौट गरी माग गरी पठाउने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | ३ | गंगटे कुलो तर्फ पिच गर्ने (खण्ड ख) | |
| २ | १३ | कुसुन्ती हाइट विष्टपाखा तर्फ सडक पिच गर्ने कार्य | |
| ३ | २ | सानेपा चोकवाट ज्ञानोदय बाचनालय झम्सिखेल | |
| ४ | ३ | कान्तिपुर एफ. एम. अक्षेश्वर महाविहार पश्चिम हुँदै झम्सिखेल | |
| ५ | ४ | कृष्णमोहन शालिक हुँदै पश्चिम तर्फ पट्टिपा जाने वाटो | |
| ६ | ५ | दक्षिणकाली वाट कुमारीपाटी जाने वोटो | |
| ७ | १५ | भेल्पा वाइवल कलेजको दक्षिण्काली हुँदै पूर्व भेल्पा मन्दिरको उत्तर सम्मको वाटो | |
| ८ | ४ | पट्टिपा रिङ्गरोडवाट धोविघाट जानेवाटो फराकिलो गर्ने | |
| ९ | २ | इन्द्रयणी मन्दिर देखि रिङ्गरोड सम्म वाटो फराकिलो गर्ने | |
| १० | २ | साँचल पश्चिम तर्फ त्रिवेणी मार्गवाट बाग्मती कोरिडोर जान वाटो विस्तार गर्ने | |
| ११ | २३ | हात्तिवन ओरालोवाट दक्षिण हुँदै धापाखेल निस्कने वाटो विस्तार | |
| १२ | १ | सर्वाङ्ग नर्सिङ्ग होमवाट दक्षिण तर्फ हेमन्त मिश्रको घर तर्फ | |
| १३ | १ | सगरमाथा एफएम तर्फको वाटो फराकिलो | |
| १४ | ७ | बालकुमारी इपिएस हुँदै रिङ्गरोड सम्म वाटो फराकिलो गर्ने | |
| १५ | २९ | घुसल सिमाना देखि वल सम्म वाटो विस्तार | |
| १६ | २ | चक्रपथ इन्द्रायणी जाने वाटो | |
| १७ | ३ | निक साइमेन दक्षिण हुँदै ठाडोढुङ्गा चक्रपथ जाने वाटो | |
| १८ | १३ | एकान्तकुना खरिकोवोट अगाडि पूर्व वाटो हुँदै चक्रपथ यातायात जाने वाटो | |
| १९ | ४ | भनिमण्डल पश्चिम हुँदै धोविघाट रिङ्गरोड | |
| २० | | सन्सारी माई टोल मार्ग | |
| २१ | २२ | चाकुपाटवाट आल्कोहिटी जानेवाटो | |
| २२ | १५ | खुमलहाइट AITM कलेजको पश्चिम तर्फ रहेको दक्षिण उत्तरको ठाडो वाटो | |
| २३ | ४ | पुल्चोक दमकल सेन्टमेरिज | |
| २४ | १२ | वटुकभैरव सिन्चाहिटी सम्मको सडक | |
| २५ | ३ | ठाडोढुङ्गा मनकामना मन्दिर हुँदै रिङ्गरोड निस्कने वाटो | |
| २६ | ३ | धोविघाट चर्च | |
| २७ | ३ | पुल्चोक दमकल सेन्टमेरीज धोविघाट मुलवाटो सम्म | |
| २८ | ३ | गंगटे कुलोवाट वागमती करीडोर जोड्न वाटोवाट दक्षिण तर्फ जाने वाटो | |
| २९ | ३ | ठाडोढुङ्गावाट पश्चिम तर्फ पैयापानी हुँदै रिङ्गरोड सम्मको वाटो | |
| ३० | २ | सानेपा वि.पि. पार्क अगाडी चटी टोलवाट पूर्व इन्द्रायणी मार्ग जोड्ने वाटो | |

निर्णय नं. ३१,

यस ललितपुर उप महानगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरु विभिन्न अन्तराष्ट्रि गोष्ठि, सभा, सम्मेलनमा जानको लागि मनोनयनमा परि त्यस्ता अन्तराष्ट्रि गोष्ठि, सभा, सम्मेलनमा भाग लिन जाँदा कर्मचारीहरु आफैले भिसा खर्च र स्थानीय यातायात खर्च व्यहोर्नु परेमा सो वापतको रकम उप महानगरपालिकाको आन्तरिक श्रोतवाट सोधभर्ना स्वरुप सम्वन्धित कर्मचारीलाई उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३२,

नेपाल सरकारको निर्णयानुसार केन्द्रिय स्तरमा मनाईने राष्ट्रिय कार्यक्रमहरु जस्तै लोकतन्त्र दिवस, गणतन्त्र दिवस, प्रजातन्त्र दिवस, संविधान दिवस लगायतका कार्यक्रममा यस ललितपुर उप महानगरपालिकाका कर्मचारीहरु ऱ्यालीमा सहभागि हुन जानु पर्ने भएको हुँदा त्यस्ता कार्यक्रममा सहभागि भएवापत प्रति कार्यक्रममा सहभागि प्रति कर्मचारीहरुलाई खाजा स्वरुप रु ३००। ( रु तिन सय मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३३

यस ललितपुर उप महानगरपालिकाको राजश्व संभव्यता अध्ययन प्रतिवेदन तयार गर्न परामर्श दाता श्री डाइमेन्सन कंन्सल्टेन्सी एण्ड सर्भिसेज, कपुरधारा काठमाण्डौं मार्फत कार्य प्रारम्भ गरी परामर्श दातावाट ५ वर्ष (२०७३/०७४ देखि २०७७/०७८) सम्मको लागि  राजश्व संभाव्यता अध्ययन तथा राजश्व प्रक्षेपण २०७३ को अन्तिम प्रतिवेदन प्राप्त भई बैठकमा पेश गरियो । पेश भएको प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४

यस ललितपुर उप महानगरपालिकाको गता आर्थिक वर्ष २०७२/०७३ को चालु तर्फ तथा पूजिगत तर्फ खर्च लेख्दै जाँदा स्विकृत वजेट शिर्षकवाट रकम नपुग्ने भई देहाय वमोजिम शिर्षकान्तर तथा रकमान्तर गरी खर्च लेखिएकोमा सो वैठकमा पेश गरी अनुमोद गर्ने निर्णय गरियो ।

**रकमान्तर+शिर्षकान्तर चालू**

| सि. नं | शिर्षक | विनियोजन | संसोधित भएको | रकमान्तर | शिर्षकान्तर | रकमान्तर शिर्षक घटाईएको रकम | शिर्पाकान्तर घटाईएको शिर्षक रकम | शिर्पाकान्तर घटाईएको शिर्षक रकम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ६,६०,०००।- | २८,६२,३४१।- | २०,००,०००।- | २,०२,३४१।- | प्रोत्साहन भत्ता २०,००,०००।- | प्रमूख ज्य (१,५०,०००) | खाजा भत्ता (५२३४१) | २,०२,०२,३४१।- | |
| २ | अन्य भत्ता | २५,००,०००।- | ५४,६८,०००।- | २०,००,०००।- | ९,६८,०००।- | प्रोत्साहन २०,००,०००।- | वैंठक भत्ता (२,१८,०००) | खाजा (७,५०,०००) | २९,६८,०००।- | |
| ३ | पत्र पत्रिका | ३,६६,०००।- | ४,१६,०००।- | ५०,०००।- | | स्वीकृत दरवन्दि (५०,०००) | | | ५०,०००।- | |
| ४ | छपाई | ५०,००,०००।- | ९८,००,०००।- | ४८,००,०००।- | | स्वीकृत दरवन्दि (४८,००,०००) | | | ४८,००,०००।- | |
| ५ | विज्ञापन | ८,८०,०००।- | २१,८०,०००।- | १३,००,०००।- | | स्वीकृत दरवन्दि (१३,००,०००) | | | १३,००,०००।- | |
| ६ | सेवा अन्य | १०,६०,०००।- | १४,१०,०००।- | ३,५०,०००।- | | स्वीकृत दरवन्दि (३,५०,०००) | | | ३,५०,०००।- | |
| ७ | विविध अतिथि सत्कार | २०,००,०००।- | ३०,८०,०००।- | १०,००,०००।- | ८०,००० | स्वीकृत दरवन्दि (१०,००,०००) | सूत्केरी (८०,०००) | | १०,८०,०००।- | |
| ८ | प्रतिनिधि मण्डल | ४,००,०००।- | ४,५७,०००।- | | ५७,००० | | सूत्केरी (५७,०००) | | ५७,०००।- | |
| जम्मा | | १,२८,६६,०००।- | २,५६,७३,३४१।- | १,१५,००,०००।- | १३,०७,३४१ | १,१५,००,००।- | ५,०५,०००।- | ८,०२,३४१।- | ३,०८,०७,३४१।- | |

रकमान्तर+शिर्षकान्तर पुंजिगत

| सि. नं | शिर्षक | विनियोजन | संसोधित भएको | रकमान्तर | शिर्षकान्तर | रकमान्तर शिर्षक घटाईएको रकम | शिर्पाकान्तर घटाईएको शिर्षक रकम | शिर्पाकान्तर घटाईएको शिर्षक रकम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सवारी मर्मत (सफाई) | ४०,००,०००।- | ६०,६५,०००।- | २०,३७,०००।- | २८,०००।- | ईन्धन सफाई (२०,३७,०००) | ल्डाण्डफिल्ड साईडमा (२८,०००) | | २०,६५,०००।- | |
| २ | वातावरण सू.का. | ३०,५०,०००।- | ३१,७१,०००।- | | १,२१,०००।- | | ल्डाण्डफिल्ड साईडमा (१,२१,०००) | | १,२१,०००।- | |
| ३ | वृद्धाश्रम भवन | २५,००,०००।- | ३१,३०,०००।- | | ६,३०,०००।- | | वडा समिति कार्यालय सुधिढि करण (६,३०,०००) | | ६,३०,०००।- | |
| ४ | वातावरण सू.ढल | १,६०,००,०००।- | २,०१,००,०००।- | | ४१,००,०००।- | | वडा विकास निर्माण ( ४१,००,००० ) | | ४१,००,०००।- | |
| ५ | अधूरो अन्य आन्तरिक | २,४०,२२,०००।- | २,६५,२२,०००।- | | २५,००,०००।- | | वडा विकास निर्माण (३,८०,०००) | खानेपानी सूधार (२१,२०,०००) | २५,००,०००।- | |
| ६ | अधूरो सम्पदा | ७५,००,०००।- | ८०,२०,०००।- | | ५,२०,०००।- | | वडा विकास निर्माण (५,२०,०००) | | ५,२०,०००।- | |
| जम्मा | | ५,७०,७२,०००।- | ६,७०,०८,०००।- | २०,३७,०००।- | ७८,९९,०००।- | २०,३७,०००।- | ५७,७९,००० | २१,२०,०००।- | ९९,३६,०००।- | |

## निर्णय नं. ३५

यस ललितपुर उप महानगरपालिकाको गत आर्थिक वर्ष २०७२/०७३ को अनुसूचि १ वमोजिमको यर्थार्थ आय तथा व्ययको विवरण बैठकमा पेश गरी पारीत गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३६

यस ललितपुर उप महानगरपालिकाको मौज्दातमा रहेको आर्थिक वर्ष २०६७/०६८ साल सम्मको धरौटि आवश्यक प्रक्रिया पुरा गरी सदर स्याह गर्नको लागि उप- महानगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

